**विर्तामोड नगरपालिकाको कार्यालय**

**पशुपन्छी विकास शाखा**

**विर्तामोड, झापा**

**आर्थिक वर्ष २०७५/०७६**

यस कार्यालयको कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित कार्यविधिहरु :

१.पशु गोठ तथा भकारो सुधार कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि

२.मेयर पकेट प्याकेज ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि

३. मेयर पकेट प्याकेज ग्रामीण वंगुर प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि

४. मेयर पकेट प्याकेज ग्रामीण बाखा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि

५.कुखुरा फार्म (गोठ सुधार) कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि

६.लोकल कुखुरा श्रोतकेन्द्र स्थापना कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि

७.हिउँदे घाँस,वर्षे घाँस तथा डालेघाँसहरुको श्रोत केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन सम्वन्धी कार्यविधि

८.ब्रोईलर कुखुरा फार्म व्यवस्थापन सम्बन्धी मापदण्ड २०७५

**निर्माणधिन रहेका निर्देशिका तथा मापदण्डहरु**

निर्देशिकाह्रु :

१.मझौला तथा ठुला फार्म सम्बन्धी

२.मासु पसल सुधार सम्बन्धी

३.डेरी पसल सुधार सम्बन्धी

मापदण्डहरु :

१. बंगुर फार्म व्यवस्थापन सम्बन्धी मापदण्ड २०७५

२. गाई फार्म व्यवस्थापन सम्बन्धी मापदण्ड २०७५

३. बाखा फार्म व्यवस्थापन सम्बन्धी मापदण्ड २०७५

# पशु गोठ तथा भकारो सुधार कार्यक्रम कार्यन्वयन सम्बन्धि

# कार्यविधि –२०७५

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति२०७५/०७/२९ गते विहिवार

विर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं प्रदेश

विर्तामोड ,झापा

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

...................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमवार

पाना संख्या : ६

# पशु गोठ तथा भकारो सुधार कार्यक्रम कार्यन्वयन सम्बन्धी

# कार्यविधि –२०७५

प्रस्तावना :

कुल कृषि ग्राहस्थ उत्पादनको करिब २८ प्रतिशत योगदान रहेको पशु उत्पादन क्षेत्रको निर्वाहमुखीबाट विस्तारित व्यवसायीकरण हुदै गईरहेको परिप्रेक्षमा यस नविन क्षेत्रमा लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ। दुःध उत्पादनका लागि गाई/भैसी र मासु उत्पादन तथा पाठापाठी उत्पादनका लागि बाखा र बंगुर पालनमा बिशेष सहयोग गर्नको साथै अर्गानिक तरकारी उत्पादन गर्न प्रयोग हुने कम्पोष्ट मल तथा जैविक विषादीको लागि पिसाब संकलन गर्न, कृषकको कामको लोड कम गर्न र स्वस्थ्य पशुवस्तु उत्पादन गर्न पशु गोठ तथा भकारो सुधार कार्यक्रम सन्चालन गर्न कम्तीमा २ देखि ५ माउ गाई वा भैसी, बाखाको माउ कम्तीमा ५ माउ र बंगुर कम्तीमा २ माउ पालन गर्ने कृषकको लागि गोठ तथा भकारो सुधारका लागि लागतमा ५० प्रतिशत अनुदान दिने कार्यक्रम रहेकाले यसरी प्रदान गरिने अनुदानलाई बढी प्रभावकारी बनाई लक्षित बर्गसम्म पुर्‍याउनुका साथै गाई पालन तथा बाखापालन व्यवसामा आधुनिक प्रविधिको प्रयोग मार्फत बढी प्रतिस्पर्धी बनाउनका लागि उक्त अनुदान प्रदान प्रकृयालाई व्यवस्थित गर्न यो कार्यविधि २०७५ स्वीकृत गरी लागु गरिएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

**यस कार्यविधिको नामः** (पशुगोठ तथा भकारो सुधार कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि २०७५/०७६ रहेको छ )

**यो कार्यविधि लागु :** ( विर्तामोड नगरपालिकाको कृषि समितीको बैठकवाट निणर्य भई स्वीकृत भएको मितिबाट लागु हुने छ )

**२.परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्याविधिमा

(क) **लाभावन्ति वर्ग भन्नाले** : कम्तीमा २ माउ गाई/भैसी ५ माउ बाखा र बंगुर २ माउ पालन गर्ने कृषकलाई सम्झनु पर्दछ।

(ख) **अनुदान भन्नाले** : परिभाषा **२ को (क)** ले परिभाषित गरेको कृषकलाई दिईने ५० प्रतिशत लगानीलाई सम्झनु पर्दछ।

(ग) **गोठ वा खोर भन्नाले** : पशुपन्छीं विकास शाखाले उपलब्ध गराएको नमुना र नक्सा बमोजिम बनेको पशु गोठ वा खोरलाई सम्झनुपर्छ।

(घ) **प्राविधिक समिती भन्नाले** : यस कार्यविधि अनुसार तपशील बमोजिमको ३ सदस्य समितिलाई सम्झनुपर्दछ।

१.संयोजक : पशुपन्छीं विकास शाखा प्रमुख

२.सदस्य : कार्यक्रम हुनका लागि तोकिएको (Focal person) प्राविधिक कर्मचारी

३.सदस्य : कृषि समितीले तोकेको सदस्य

(ङ) **सम्बन्धित कार्यालय भन्नाले** : विर्तामोड नगरपालिका ,पशुपन्छी विकाश शाखालाई सम्झनु पर्दछ ।

**३.उदेश्य : यस कार्यक्रमको उदेश्य देहाय बमोजिम रहेका छन ।**

(क) पशुपालन व्यवसायको उत्पादन लागत घटाई कृषकहरुलाई कामको लोड घटाउन ।

(ख) पशुलाई स्वस्थय राख्न ।

(ग) अग्यानिक तरकारी खेती गर्ने किसानलाई जैविक विषादी र कम्पोष्ट मल तयार गरी वातावरण स्वस्थ्य राख्न ।

(घ) स्वस्थ दुध तथा मासु उत्पादन गर्न ।

**२.कार्यक्रम सन्चालन विधि :**

(क) साना किसान लक्षित पशु गोठ तथा भकारो सुधार कार्यक्रम सबै वडामा संचालन गरिनेछ । कार्यक्रमको प्रभावकारिता एवम् सफलता अनुसार अन्य वडाहरुमा क्रमशः कार्यक्रम विस्तार गर्दै लगिनेछ

(ख) स्वस्थ दुध तथा मासु उत्पादन गर्न ।

छनौटका आधार

(१) गोठ तथा भकारो व्यवस्थित नभएको वा व्यवस्थित गर्न नसक्ने कृषक हुनुपर्ने ।

(२) अर्गानिक तरकारी उत्पादन गर्ने कृषक हुनुपर्ने ।

(३) छनौट गरिने स्थानमा विजुली,पानी एवम् अन्य पूर्वाधार विकास भएको ।

(४) पशुपालन र अग्यानिक तरकारी खेती गर्न ईच्छुक भएको, साथै श्रोत साधन हुनु पर्ने ।

(५) सम्भव भए सम्म कार्यक्रम स्थलमा कम्तिमा १० घर हुनुपर्ने ।

(६) अनुदान पाएका कुनै किसान समुहले व्यवसाय छोड्नु परेको कारण नगरपालिकालाई दिनु पर्नेछ ।

(७) दोहोरो सुविधा अनुदान एकै व्यक्ति वा समुहलाई दिइने छैन ।

(८) अन्य कार्यक्रम सन्चालन गर्दाको आचरण राम्रो हुनुपर्ने ।

**३. गोठ तथा भकारो सुधार कार्यक्रम कार्यविधि :**

(क) गोठ तथा भकारो सुधार गर्ने स्थान छनौट भए पश्चात सो स्थानमा रहेको पशुपालन र तरकारी खेतिको प्रारम्भिक तथ्यांक संकलन गरी कार्यालयले अभिलेख राख्नेछ र पशु सेवा शाखामा सुरक्षित रहने छ ।

(ख) गोठ तथा भकारो सुधारमा अनुदान पाउने कृषकलाई जैविक विषादी वा कम्पोष्ट मल उत्पादन गर्नु पर्नेछ ।

(ग) गोठ तथा भकारो सुधारमा अनुदान पाउने कृषकले अर्ग्यानिक तरकारी खेती गर्नुपर्नेछ ।

(घ) गोठ तथा भकारो सुधार संचालनार्थ छनौट भएका प्रति कृषक प्रति गोठ तथा भकारो सुधारका लागि कार्यक्रमवाट अनुदान साझेदारीमा ५० प्रतिशत उपलव्ध गरिनेछ तर उक्त रकम प्रथम किस्तावापत आधा काम पुरा भई कार्यालयबाट अनुगमन गरी सके पश्चात भुक्तानी गरिनेछ र बाँकी रकम निर्माण कार्य सम्पन्न भए पश्चातमात्र भुक्तानी गरिनेछ ।

(ङ) यस कार्यक्रममा छनौट हुने कृषले ५० प्रतिशत रकम आफुले लगानि गरि कार्य गर्नुपर्नेछ ।

**नगर कृषि समितीको बनोट**

विर्तामोड नगरपालिकाद्धारा उपमेयर ज्युको संम्योजक्त्वमा गठन गरिएको ५ सदस्यीय कृषि समितीलाई मानिनेछ ।

**अनुगमन तथा प्राविधिक समिती :**

यसकार्यक्रमको अनुगमन तथा प्राविधिक लेखाजोखा चुस्तदुरुस्त पार्न तपशिल बमोजिमको ३ सदस्यीय समिती परिचालन गरिने छ ।

संयोजक : पशुसेवा शाखा प्रमुख

सदस्य : पशुसेवा शाखा प्रमुखले तोकेको व्यक्ति

सदस्य :कृषि समितीले शिफारिस गरेको व्यक्ति

**अनुगमन तथा मुल्याकंनका आधारहरु तपशिल बमोजिम हुनेछ ।**

(१) कार्य योजना

(२) व्यवसायको सम्भाव्यता र उपयुक्तता

(३) निवेदकले पालिरहेका पशुवस्तुहरुको संख्या

(४) गोठ खोरको अवस्था र  सुधारको आवश्यकता

(५) घाँसको उपलव्धता र जग्गाको उपलव्धता

(६) जैविक सुरक्षाको अवस्था र भावी सुरक्षामा पर्ने सम्भाव्यता असरको अध्ययन

(७) सामाजिक परिवेश र वस्ती विकासको सम्भावना

(८) श्रोत साधनको पर्याप्तता

(९) बाजारको पहुँच र सम्भाव्यता तथा व्यक्तिगत आचरण

माथि उल्लेखित बुदाहरुको आधारमा अनुगमन तथा प्राविधिक समितीले स्थलगत अनुगमन तथा प्राविधिक प्रतिवेदन तयार गरी कृषि समितीमा पेश गरिसके पश्चात उक्त समितीको बैठकवाट छनौट हुने कृषकहरुको नामावली प्रकाशित गरिनेछ र उक्त सुचनाहरु नगरपालिकाको सम्पूर्ण वडा कार्यलयमा (१०) वटै र पशुपन्छी विकास शाखामा टाँस गरिने छ । यसरी छनौट हुने कृषकलाई कार्यक्रमको सम्झौतापत्र बमोजिम सम्झौता गराई गोठ तथा भकारो सुधार कार्यक्रम कार्यन्वयन गर्न यस कार्यविधिलाई आधार मानिनेछ ।

धन्यवाद

**कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।**

**ध्रुव कुमार शिवाकोटी**

**नगर प्रमुख**

**नगर प्रमुख द्धारा प्रमाणिकरण**

**मिति २०७५/०८/०३ गते सोमबार**

**पाना संख्या : ६**

# पशु गोठ तथा भकारो सुधार कार्यक्रम कार्यन्वयन सम्बन्धि

# कार्यविधि –२०७५

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति२०७५/०७/२९ गते विहिवार

विर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं प्रदेश

विर्तामोड ,झापा

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

...................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमवार

पृष्ठ संख्या : ६

# मेयर पकेट प्याकेज कार्यक्रम  ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि– २०७५

## (गरीब, दलित, आदिबासी, जनजातीहरुका लागि)

**प्रस्तावना :**

नेपाल एक भौगोलिक विविधताले सजिएको, कृषि प्रधान देश हो, हिजो आज दिनप्रति दिन पशु तथा पक्षीं पालन व्यवसाय नेपालमा फस्टाउदै गएको छ । यसरी कृषकको आकर्षण बन्दै गएको कुखुरा पालन व्यवसायको विकासवाट सिगों राष्ट्रका लागि टेवा पुग्ने सम्भावाना लाई आत्मसात गरी नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयले आगामी १ वर्ष भित्रमा अण्डामा नेपाल आत्म निर्भर हुनेछ भनी प्रतिवद्धता जाहेर गरेको थियो । हाल नेपालमा वार्षिक करिब कुखुराको संख्या ४ करोड ८० लाख ७९ हजार मध्ये अण्डा दिने कुखुरा ८३ लाख ५० हजार रहेको सो बाट बार्षिक ९० करोड अण्डा उत्पादन हुन्छ । कूल उत्पादन र देशको जनसँख्याको हिसाब गर्दा हाल नेपालमा प्रति व्यक्ति प्रतिवर्ष ३३ वटा अण्डा उपलब्धता छ भने यसलाई १ वर्षभित्रमा ४८ वटा प्रति व्यक्ति पुऱ्याई देशलाई अण्डाको क्षेत्रमा आत्मनिर्भर बनाउनु एक चुनौतिपूर्ण कार्य हो ।

हाल नेपालमा कूल ४ करोड ८० लाख ७९ हजार भएतापनि अधिकाँश कुखुराको संख्या ग्रामीण क्षेत्रमा स्थानीय नश्लका भएको र यिनीहरुको अण्डा उत्पादन औषतमा ७० देखी ८० वटा प्रति व्यक्ति प्रति वर्षमा उत्पादन हुने भएकोले अपेक्षित सफलता प्राप्त गर्नका लागि अव्यवस्थित बड्दो शहरी विकाससँग बढ्दै गएको व्यवसायिक उन्नत कुखुरा पालन र भविष्यमा त्यसवाट पर्न जाने जोखिम समेत न्यूनिकरण गर्न अति आवश्यक छ । राष्ट्रको नयाँ संरचना र बढ्दो वसाई सराई अनि अव्यवस्थित वस्तीविकास,वड्दो शहरिकरणले भावी दिनमा कुखुरापालन व्यवसायबाट मानव स्वास्थ्यमा जोखिम कम गर्न समयमानै विषयगत व्यवसायको क्षेत्र निर्धारण गरी ग्रामीण क्षेत्रमा गरिने ग्रामिण (लोकल) कुखुरालाई आधुनिक र व्यावसायिक रुपमा व्यवस्थित पालन गरी हाल भैरहेको निर्वाहमुखी व्यवसायलाई उत्पादन मुलक बनाउन अतिआवश्यक ठानी, यस बिर्तामोड नगरपालिकामा क्षेत्र समेत छुट्याई यो कार्यक्रम लागु गरिएको छ ।

हाल यस विर्तामोड नगरपालिका क्षेत्रमा दुध, ब्रोइलर कुखुरा, बंगुरको मासु तथा पाठापाठीमा आत्मनिर्भर रहेको छ । स्थानीय कुखुराको मासु प्रति के.जी ६५० रुपैया, अण्डा २० रुपैयामा कारोवार हुने गरेको पाईन्छ, तर यहाँका उपभोक्ताले लोकल कुखुराको मासु र अण्डा ठूलो मात्रामा अन्य ठाउँबाट आयात गर्नु पर्ने हुदा जसलाई यसै नगरपालिकामा आत्मनिर्भर रहन साथै पारिवारिक स्तरमा पोषण सुरक्षाको लागि ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित, सरल,प्रभावकारी र पारदर्शीरुपमा स्थापना र संचालन गर्न यो कार्यविधि  स्थानीय निकाय बिर्तामोड नगरपालिका पशु सेवा शाखाबाट यो कार्यविधि जारी गरिएको छ ।

**१.उद्देश्यहरु : पोषण**

क. ग्रामीण (लोकल) कुखुरा प्रर्वद्धन तथा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

ख. खाद्य पोषण सुरक्षाको लागी ग्रामिण (लोकल) कुखुरा विकास गर्ने र व्यावसायिकरण गरी आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने ।

ग. लोकल कुखुराको अण्डामा आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

घ.अन्यन्त्रवाट आयात हुने लोकल कुखुराको अण्डा र लोकल कुखुराको मासुको आयातमा रोक लगाउने ।

**२.कार्यक्रम सञ्चालन विधि :**

**क.**साना किसान लक्षित लोकल कुखुरा प्रवर्द्धन कार्यक्रम २ वटा वडामा संचालन गरिनेछ। कार्यक्रमको प्रभावकारिता एवम् सफलता अनुसार अन्य वडाहरुमा क्रमशः कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

**ख**.कार्यक्रम संचालनका लागि वडा छनौट भई सकेपश्चात सम्वन्धित पशुपन्छीं विकास शाखावाट नगर कृषि समितिमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

**कार्यक्रम छनोटका आधारहरुः**

१) सम्वन्धित कार्यक्रम संचालन गरिने स्थलको अध्यन र अनुगमन गर्ने, ठाउको छनौट, होटेल, रेष्टुरेण्ट, वजारको पहुँच भएको ग्रामीण क्षेत्र ।

२) छनौट गरिने स्थानमा विजुली, सडक, पानी एवम् अन्य पूर्वाधार विकास भए नभएको ।

३) कृषकहरुको रुची, आवश्यकता

४) स्थानिय श्रोत साधन र सामाजिक मूल्य मान्यता कायम राख्ने गरी हुनु पर्ने ।

५) कुखुरा पालन मापदण्ड

६) व्यक्तिगत तथा सामाजिक आचारण राम्रो हुनुपर्ने छ ।

**३. ग्रामिण कुखुरा प्रवर्द्धन कार्यक्रम कार्यविधिः**

**क.** ग्रामिण कुखुरापालन गर्ने स्थान छनौट भए पश्चात सो स्थानमा रहेको स्थानीय/उन्नत पंक्षीको प्रारम्भिक तथ्यांक संकलन गरी कार्यालयले अभिलेख राख्नेछ र पशुपन्छीं विकास शाखामा सुरक्षित रहनेछ ।

**ख.** छनौट भएको स्थानमा प्रारम्भिक सर्भेक्षण एवम् कार्यक्रमको सम्भाव्यता एवम् प्राविधिक उपयुक्तता हेरी एक समुहमा १० जना सदस्य कृषक रहने गरी २ वटा समुह गठन गर्नेछ ।

**ग.** गठित समुहका सदस्यहरुलाई कुखुरा पालन सम्वन्धि ३ दिने तालिम सम्बन्धित शाखाको समन्वयमा गर्नेछ ।

**घ.** ग्रामीण कुखुरा प्रर्वद्धन कार्यक्रम संचालनार्थ छनौट भएका प्रति कृषक प्रति खोर निर्माणका लागि मेयर पकेट प्याकेज कार्यक्रमको विनियोजित वजेटबाट अनुदान रकम उपलव्ध गराई सो खोर निर्माण पश्चात प्रति कृषक २० गोटा १ दिने Dual Purpose चल्ला शाखाले ढुवानी सहित निःशुल्क उपलव्ध गराउने छ ।

**ङ** ग्रामीण कुखुरा प्रर्वद्धन कार्यक्रमको लागि आवश्यक चल्ला स्थानीय कुखुरा फार्मले उपलव्ध गराउने छ। सो का लागि सम्वन्धित शाखाले कार्यक्रमको सुरुवातमा नै समन्वय गर्नेछ ।

**च.** कृषकले चल्ला प्राप्त गर्नु अगाडि नै कृषकलाई दाना पानी खुवाउने भाँडो, दाना तथा biosecurity को तयारी सम्बन्धित शाखाले गर्नेछ ।

**छ**. कृषकले चल्ला प्राप्त गरिसके पश्चात हुर्काउने क्रममा निजलाई खोप, परजिवी नियन्त्रण एवम् अन्य प्राविधिक सहयोग सम्बन्धित शाखाबाट निःशुल्क हुनेछ ।

**नगर कृषि समितीको बनोट**

विर्तामोड नगरपालिकाद्धारा उपमेयर ज्युको संयोजक्त्वमा गठन गरिएको ५ सदस्यीय कृषि समितीलाई मानिनेछ ।

**अनुगमन तथा प्राविधिक समिती :**

यस कार्यक्रमको अनुगमन तथा प्राविधिक लेखाजोखा चुस्तदुरुस्त पार्न तपशिल बमोजिमको ३ सदस्यीय समिति परिचालन गरिने छ ।

संयोजक : पशुसेवा शाखा प्रमुख

सदस्य : पशुसेवा शाखा प्रमुखले तोकेको व्यक्ति

सदस्य : कृषि समितीले सिफारिस गरेको व्यक्ति

**मुल्याकंनका आधारहरु तपशील बमोजिम हुनेछ ।**

**मूल्यांकन गर्दा देहायका आधारमा गर्नुपर्नेछः**

१. कार्य योजना
२. कुखुरापालन तालिम अनुभव
३. व्यवसायको सम्भाव्यता/उपयुक्तता
४. पालिरहेका वा व्यवसाय शुरु गर्ने कुखुराको संख्या
४ खोरको अवस्था
५. दानापानीको अवस्था
६. जैविक सुरक्षाको अवस्था
७.सामाजिक परिबेश
८.श्रोत साधनको पर्याप्तता
९. बजारको सम्भाब्यता
१०.मापदण्ड अनुसारको गोठ खोर

अनुगमन तथा प्राविधिक समितिले प्रतिवेदन बनाई स्वीकृतिका लागि कृषि समितिमा पेश गर्नेछ । अनुदानका लागि अन्तिम छनौट भएका कृषकहरुको नामनामेसी सहितको विवरण वडा कार्यालयल/पशु सेवा शाखामा टाँस गरिने छ ।

छनौट भएका कृषकहरुसँग सम्झौता बमोजिम पकेट प्याकेजको समितिको खातामा अनुदान रकम खोर निर्माण वा सुधार कार्य शुरु गरेपछि पहिलो किस्ता र निर्माण कार्य सम्पन्न गरिसके पश्चात अन्तिम किस्ता खातामा एकमुष्ठ जम्मा गर्नेछ ।

धन्यवाद

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

...................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमबार

पृष्ठ संख्या : ६

# पशु गोठ तथा भकारो सुधार कार्यक्रम कार्यन्वयन सम्बन्धि

# कार्यविधि –२०७५

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः२०७५/०७/२९ गते विहिवार

विर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं प्रदेश

विर्तामोड ,झापा

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

.................................

ध्रुवकुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमवार

पाना संख्या : ५

## मेयर पकेट प्याकेज कार्यक्रम ग्रामीण बाखा साटासाट कार्यक्रम कार्यान्वयन कार्यविधि–२०७५

## (गरीब,दलित,आदिबासी,जनजातीहरुका लागि)

नेपाल एक भौगोलिक विविधताले सजिएको,कृषि प्रधान देश हो, दिनप्रति दिन पशु तथा पक्षींपालन व्यवसाय नेपालमा फस्टाउदै गएको छ । ती व्यवसाय मध्येपनि गरिबहरुको बैंक भनेर चिनिएको बाखापालन व्यवसायबाट उत्पादन हुने मुलकको कुल मासु उत्पादनमा २,८७८३० मे.ट मध्ये बाखा (खसी) मासुको योगदान ५३,८५७ मे.ट.रहेको छ, जुन राष्ट्रिय उत्पादनको १८.७५ प्रतिशत हो ।

देशको कुल ग्रार्हस्थ उत्पादनमा १२ प्रतिशत हिस्सा बाखा (खसी) मासुले ओगटेको छ । बाखापालन व्यबसाय अत्ति बिपन्न कृषकहरुको लागि “गरीबहरुको बैंक” भनेर चिनिने व्यबसाय हो । यस बिर्तामोड नगरपालिका क्षेत्रमा बसोवास गर्ने उपभोक्ताले खसीको मासु उपभोग गर्न बाखा तथा खसी छिमेकी देश भारतको बिभिन्न राज्यवाट र

नेपालकै पहाडी जिल्ला,तराईका अन्य जिल्लाहरुबाट आयात गर्ने गरेको पाईन्छ भने स्थानीय बजारबाट यसको आपुर्ती करीब ३० प्रतिशत मात्रै हुने गरेको छ ।

यसरी यस नगर भित्र वसोवास गर्ने निम्न आयश्रोत भएका कृषहरुले बाध्यताका बावजुद बाखा पालनका लागि र मासु उपभोगका लागि स्थानीय अर्थतन्त्रलाई अन्यन्त्र पुर्‍याउनबाट रोक्न र व्यक्तिगत आय वृद्धिसँगैं सस्तो मुल्यमा उपभोग गर्ने वातावरण निर्माण गर्न र सिगों नगरक्षेत्रलाई खसीको मासुमा आत्मनिर्भर बनाउन आवश्यक ठानी यो मेयर पकेट प्याकेज कार्यकम अर्न्तरगत बाखा साटासाट  कार्यक्रमलाई व्यवस्थित गर्न,सरल, प्रभावकारी र पारदर्शी रुपमा स्थापना तथा संचालन गन बिर्तामोड नगरपालिका पशुपन्छीं विकास शाखाबाट कार्यन्वयन हुने गरी यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

**१.उद्देश्यहरु :**

क. बाखा तथा खसी उत्पादन वृद्धि गर्ने ।

ख. अति बिपन्न बर्गको लागी आय आर्जनको श्रोतको रुपमा स्थापना गर्ने ।

ग. विर्तामोड नगरपालिकालाई खसीको मासुमा आत्मनिर्भर बनाउन ।

घ. विर्तामोड नगरपालिका क्षेत्रभित्र खसीको मासु आयातमा रोक लगाउन ।

**२.कार्यक्रम सञ्चालन विधि :**

**क.**निम्न आयश्रोत भएका, अतिबिपन्न, गरिब, आदिबासी तथा लक्षित बर्ग र साना किसान लक्षित  मेयर पकेट प्याकेज कार्यकम कार्यकम (बाखा) ३ वडामा  संचालन गरिनेछ । कार्यकमको प्रभावकारिता एवम् सफलता अनुसार अन्य वडाहरुमा कमश कार्यकम विस्तार गर्दै लगिनेछ ।

**ख**.कार्यक्रम संचालनका लागि वडा छनौट भई सके पश्चात सम्वन्धित पशुपन्छी विकास शाखावाट नगर कृषि समितिमा अनुमोदनका लागि पेश गर्नु पर्नेछ ।

**छनोट गर्नु पर्ने आधारहरुः**

१) बाखापालन गर्न बाह्रै महिना हरियो घाँस हुने जग्गाको उपलब्धता ।

२) छनौट गरिने स्थानमा विजुली, सडक, पानी एवम् अन्य पूर्वाधार विकास भएको हुनुपर्ने ।

३) कृषक  बाखा पालन गर्न ईच्छुक भएको, साथै श्रोत साधन र सामाजिक मूल्य मान्यता कायम राख्ने गरी हुनु पर्ने ।

४) सम्भव भए सम्म पकेट कार्यकम स्थल एउटै गाउँ वा टोलमा हुनुपर्नेछ ।

५) बाखापालन मापदण्ड भित्र रहनुपर्ने छ ।

**३. पकेट प्याकेज (बाखा) कार्यकम कार्यविधिः**

**क.** बाखापालन गर्ने स्थान छनौट भए पश्चात सो स्थानमा रहेको स्थानीय⁄उन्नत बाखाको प्रारम्भिक तथ्यांक संकलन गरी कार्यालयले अभिलेख राख्नेछ र पशुपन्छी विकास शाखामा सुरक्षित रहने छ ।

**ख.** छनौट भएको स्थानमा  प्रारम्भिक सर्भेक्षण एवम् कार्यकमको सम्भाव्यता एवम् प्राविधिक उपयुक्तता हेरी एक पकेट  समुहमा १५ जना कृषक सदस्य रहने गरी ३ वटा समुह गठन गर्नेछ ।

**ग.** गठित समुहका सदस्यहरुलाई बाखा पालन सम्बन्धी आधारभुत ३ दिने तालिम  सम्बन्धित शाखाको समन्वयमा गर्नेछ ।

**घ.** बाखा पालन संचालनार्थ छनौट भएका प्रति कृषक प्रति खोर सुधारका लागि कार्यकमवाट विनियोजित बजेटको अनुदान रकम उपलव्ध गराई सो खोर सुधार पश्चात प्रति कृषक ३ गोटा बाखा निःशुल्क उपलव्ध गराउने छ ।

**ङ.** बाखा पालन कार्यकमको लागि आवश्यक बाखा स्थानीय फार्महरु तथा व्यक्तिले उपलव्ध गराउने छ । सो का लागि सम्वन्धित शाखाले कार्यकमको सुरुवातमा नै समन्वय गर्नेछ ।

**च.** कृषकले बाखा प्राप्त गर्नु अगाडी नै biosecurity को तयारी सम्बन्धित शाखाले गर्नेछ ।

**छ.** आन्तरिक तथा बाह्य परजिवी नियन्त्रणको व्यबस्थापन, खनिज तथा भिटामिन, घाँस व्यबस्थापन तथा बीमा व्यबस्थापन पहिलो वर्षमात्र शाखाले गर्नेछ ।

**ज.** कृषकले बाख्रा प्राप्त गरिसके पश्चात हुर्काउने क्रममा निजलाई महामारी जन्यरोग विरुद्ध खोप, परजिवी नियन्त्रण एवं अन्य प्राविधिक सहयोग सम्बन्धित शाखाबाट पहिलो बर्ष निःशुल्क हुनेछ ।
**झ.** बाख्रावाट उत्पादन शुरु हुन थालेपछी १ वटा बाख्रा बराबर १ वटा पाठी समितिलाई फिर्ता गर्नुपर्नेछ ।
ञ. वाखा तथा वोका खरिद गर्दा समितिहरुवाट २ जना र पशु सेवा शाखावाट एक (१) जना रहने गरी ३ सदस्य खरिद समिती गठन गरी खरिद गर्नु पर्नेछ ।

**नगर कृषि समितीको बनोट**

विर्तामोड नगरपालिकाद्धारा उपमेयर ज्युको सम्योजकत्वमा गठन गरिएको ५ सदस्यीय कृषि समितीलाई मानिनेछ ।

**अनुगमन तथा प्राविधिक समिती :**

यस कार्यक्रमको अनुगमन तथा प्राविधिक लेखाजोखा चुस्तदुरुस्त पार्न तपशील बमोजिमको ३ सदस्यीय समिती परिचालन गरिने छ ।

संयोजक : पशुसेवा शाखा प्रमुख

सदस्य : पशुसेवा शाखा प्रमुखले तोकेको व्यक्ति

सदस्य :कृषि समितीले सिफारिस गरेको व्यक्ति

**मूल्यांकन गर्दा देहायका आधारमा गर्नुपर्नेछः**

१. कार्य योजना
३. व्यवसायको संभाव्यता/उपयुक्तता
४. पालिरहेका वा व्यवसाय शुरु गर्ने बाख्राको संख्या
४ खोरको अवस्था
५. दानापानीको अवस्था
६. जैविक सुरक्षाको अवस्था
७. सामाजिक परिबेश
८. श्रोत साधनको पर्याप्तता
९. बजारको सम्भाब्यता

अनुगमन तथा प्राविधिक समितिले प्रतिवेदन बनाई स्वीकृतिका लागि कृषि समितिमा पेश गर्नेछ । अनुदानका लागि अन्तिम छनौट भएका कृषकहरुको नामनामेसी सहितको विवरण वडा कार्यालयल/पशु सेवा शाखामा टाँस गरिने छ । छनौट भएका कृषकहरु सँग सम्झौता बमोजिम पकेट प्याकेजको समितीको खातामा अनुदान रकम खोर निर्माण कार्य सुधार गरेपछि पहिलो किस्ता र सम्पन्न गरिसके पश्चात समितिको खातामा एकमुष्ठ रकम जम्मा शाखाले गर्नेछ ।

धन्यवाद

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

...................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमबार

पाना संख्या : ५

# पशु गोठ तथा भकारो सुधार कार्यक्रम कार्यन्वयन सम्बन्धी

# कार्यविधि –२०७५

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति२०७५/०७/२९ गते विहिवार

विर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं प्रदेश

विर्तामोड ,झापा

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

....................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमवार

पाना संख्या : ५

# मेयर पकेट प्याकेज कार्यक्रम ग्रामीण बंगुर साटासाट कार्यक्रम कार्यान्वयन कार्यविधि–२०७५

## (गरीब,दलित,आदीबासी,जनजातीहरुका लागि)

कृषि प्रधान देश नेपालका कुल जनसंख्याको करिब ६५ प्रतिशत मानिस कृषि पेशामा आत्मनिर्भर रहेका छन् । हाल आएर कृषि पेशा अर्न्तगत पशुपालन व्यवसायले धेरै फड्को मार्दै गएकोछ, कुखुराको मासु तथा अण्डा अनि गाई भैसीको दुधमा समेत सिगों देश आत्मनिर्भर रहेको छ । तर पनि मासुको सन्दर्भमा आजसम्म पनि नेपाल आत्मनिर्भर हुन सकेको छैन । तर पनि हाल आएर निर्वाहमुखी पशुपालन लाई कृषकले मात्र नभई राष्ट्रले समेत मासुको लागि पशुपालन व्यवसायमा प्रोत्साहन दिइरहेको पाईन्छ । यिनै व्यवसाय मध्ये बगुंर पालन व्यवसाय पनि हिजोआज फस्टाउदै गईरहेका छ, नेपालमा हाल उत्पादन हुने कुल मासु उत्पादन को १२ प्रतिशत भाग बंगुरको मासुले ओगटेको छ । बंगुरपालन व्यबसाय अति बिपन्न कृषकहरुको लागि उपयूक्त व्यबसाय हो ।

यस पशुपालन व्यबसायमा संलग्न मध्ये १० प्रतिशत कृषकहरुले बंगुरपालन व्यबसाय गरेका छन् । कम भन्दा कम लागत ,छिटो उत्पादन बृद्धि हुने तथा स्थानीय उपउत्पादन बाट पनि यो व्यबसाय सञ्चालन गर्न सकिन्छ । अन्य मासुको दाँजोमा सस्तो र स्वास्थ्यका लागि समेत फाईदाजनक र राम्रो मानिने बंगुरपालन व्यबसाय बिर्तामोड नगरपालिकाको लागि अझ उत्कृष्ट व्यबसायको रुपमा लिन सकिन्छ । छोटो समयमा अपेक्षाकृत उत्पादन लिन सकिने बगुंरपालन व्यवसायको बिषेशता मात्र नभई उत्पादित बगुंर बिक्रीको लागि समेत छिमेकी राष्ट्र भारत र भुटानमा सहज रुपमा निर्यात गर्न सकिने भएकाले समेत यस व्यवसायको राम्रो सम्भावान छ, यसै सम्भावनालाई आत्मसाथ लिई विर्तामोड नगरपालिकाले निम्न आयश्रोत भएका, गरिब कृषकहरुलाई आत्मनिर्भर रही आयमुलक व्यवसायमा स्थापित गर्ने र गराउने उद्धेश्यका साथ यो व्यबसायलाई मेयर पकेट प्याकेज कार्यक्रम अन्तरगत बंगुर साटासाट

कार्यक्रमलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न स्थानीय निकाय बिर्तामोड नगरपालिका पशुपन्छी विकास शाखाबाट यो कार्यविधि जारी गरिएको छ ।

**१.उद्देश्यहरु :**

क. बंगुरको मासु उत्पादनमा वृद्धि गर्ने ।

ख. अति बिपन्न बर्गको लागी आय आर्जनको श्रोतको रुपमा स्थापना गर्ने ।

ग. बंगुरको पाठापाठीको उत्पादन वृद्धि गरी र मासुको निर्यातमा बृद्धि गर्ने ।

घ. बंगुरको मासु आयातमा रोक लगाउन ।

ङ घरायसी मदिरा उत्पादनलाई विस्थापित गर्दै लैजाने ।

**२.कार्यक्रम सञ्चालन विधि :**

**क.**साना किसान लक्षित मेयर पकेट प्याकेज कार्यक्रम कार्यक्रम (बंगुर) २ वडामा संचालन गरिनेछ । कार्यक्रमको प्रभावकारिता एवं सफलता अनुसार अन्य वडाहरुमा क्रमशः कार्यक्रम विस्तार गर्दै लगिनेछ ।

**ख**.वडा छनौट भई सकेपश्चात सम्वन्धित पशु सेवा शाखावाट नगर कृषि समितिमा अनुमोदन लागि पेश गर्नु पर्नेछ

**छनोट गर्नु पर्ने आधारहरुः**

१) हरीयो घाँस वा तरुल हुने जग्गाको उपलब्धता ।

२) छनौट गरिने स्थानमा विजुली, सडक, पानी एवं अन्य पूर्वाधार विकास भएको

३) कृषक बंगुरपालन गर्न ईच्छुक भएको,साथै श्रोत साधन र सामाजिक मूल्य मान्यता कायम राख्ने गरी हुनु पर्ने ।

४) सम्भब भए सम्म पकेट कार्यक्रम स्थल एउटै गाउँ वा टोलमा हुनुपर्नेछ ।

५) बंगुरपालनको मापदण्ड पुरा हुनुपर्ने (वाटो, बीती,बजार आदी) ।

६.) घरायसी मदिरा उत्पादनलाई विस्थापित गर्ने प्रतिवद्धता गर्नुपर्ने ।

**३. <u>पकेट प्याकेज ( बंगुर) कार्यक्रम कार्यविधिः</u>**

**क** बंगुर पालन गर्ने स्थान छनौट भए पश्चात सो स्थानमा रहेको स्थानिय/उन्नत बंगुरको प्रारम्भिक तथ्यांक संकलन गरी कार्यालयले अभिलेख राख्नेछ र पशु सेवा शाखामा सुरक्षित रहने छ ।

**ख.** छनौट भएको स्थानमा प्रारम्भिक सर्भेक्षण एवम् कार्यक्रमको सम्भाव्यता एवं प्राविधिक उपयुक्तता हेरी एक समुहमा १५ जना सदस्य कृषक रहने गरी २ वटा समुह गठन गर्नेछ ।

**ग.** गठित समुहका सदस्यहरुलाई बंगुर पालन सम्वन्धी आधारभुत ३ दिने तालिम सम्बन्धित शाखाको समन्वयमा गर्नेछ ।

**घ.** बंगुर पालन संचालनार्थ छनौट भएका प्रति कृषक प्रति खोर सुधारका लागि कार्यक्रमवाट विनियोजित वजेटबाट अनुदान उपलब्ध गराई सो खोर सुधार पश्चात प्रति कृषक २ गोटा बंगुरको पाठापाठी निशुल्क उपलब्ध गराईने छ ।

**ङ.** बंगुर पालन कार्यक्रमको लागि आवश्यक बंगुर स्थानीय फार्महरु तथा व्यक्तिले उपलब्ध गराउने छ । सो का लागि सम्वन्धित शाखाले कार्यक्रमको सुरुवातमा नै समन्वय गर्नेछ ।

**च.** कृषकले बंगुर प्राप्त गर्नु अगाडी नै biosecurity को अध्ययन सम्बन्धित शाखाले गर्नेछ ।

**छ.** आन्तिरक तथा बाह्य परजिवी नियन्त्रण को व्यबस्थापन, खनिज तथा भिटामिन, उप उत्पादन व्यबस्थापन तथा बीमा ब्यबस्थापन शाखाले गर्नेछ ।

**ज.** कृषकले बंगुर प्राप्त गरिसके पश्चात हुर्काउने क्रममा निजलाई खोप, परजिवी नियन्त्रण एवम् अन्य प्राविधिक सहयोग सम्बन्धित शाखाबाट पहिलो बर्ष निःशुल्क हुनेछ ।

**झ.** बंगुरवाट उत्पादन शुरु हुन थालेपछी १ वटा बंगुर बराबर १ वटा पाठापाठी समुहलाई फिर्ता गर्नुपर्नेछ ।

**ञ.** वंगुरको पाठा तथा विर खरिद गर्दा समतीहरुवाट २ जना र पशु सेवा शाखावाट एक (१) जना रहने गरी ३ सदस्य खरिद समिति गठन गरी खरिद गर्नु पर्नेछ ।

**<u>नगर कृषि समितीको बनोट</u>**

विर्तामोड नगरपालिकाद्धारा उपमेयर ज्युको संम्योजकत्वमा गठन गरिएको ५ सदस्यीय कृषि समितीलाई मानिनेछ ।

**<u>अनुगमन तथा प्राविधिक समिती :</u>**

यसकार्यक्रमको अनुगमन तथा प्राविधिक लेखाजोखा चुस्तदुरुस्त पार्न तपशिल बमोजिमको ३ सदस्यीय समिती परिचालन गरिने छ ।

संयोजक : पशुसेवा शाखा प्रमुख

सदस्य : पशुसेवा शाखा प्रमुखले तोकेको व्यक्ति

सदस्य :कृषि समितीले सिफारिस गरेको व्यक्ति

**मूल्यांकन गर्दा देहायका आधारमा गर्नुपर्नेछः**

१. कार्य योजना
३. व्यवसायको सम्भाव्यता/उपयुक्तता
४. पालिरहेका वा व्यवसाय शुरु गर्ने बंगुरको संख्या
४ खोरको अवस्था
५. दानापानीको अवस्था
६. जैविक सुरक्षाको अवस्था
७. सामाजिक परीबेश
८. श्रोत साधनको पर्याप्तता
९. बजारको सम्भाब्यता
१०.बगुंर पालन सम्बन्धी मापदण्ड
११.सामाजिक तथा व्यक्तिगत आचरण

अनुगमन तथा प्राविधिक समितिले प्रतिवेदन बनाइ स्वीकृतिका लागि कृषिसमितिमा पेश गर्नेछ । अनुदानका लागि अन्तिम छनौट भएका कृषकहरुको नामनामेसी सहितको विवरण वडा कार्यालयल/पशुपन्छीं विकास शाखामा टाँस गरीने छ । छनौट भएका कृषकहरुसँग सम्झौता बमोजिम पकेट प्याकेजको समितिको खातामा अनुदान रकम खोर निर्माण वा सुधार कार्य सम्पन्न गर्न र गरिसके पश्चात समितिको खाता वा नाममा एकमुष्ठ जम्मा शाखाले गर्नेछ ।

**धन्यवाद**

**कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।**

..................................

**ध्रुव कुमार शिवाकोटी**

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमबार

पाना संख्या : ५

# लोकल कुखुरा श्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि २०७५

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति२०७५/०७/२९ गते विहिवार

विर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं प्रदेश

विर्तामोड, झापा

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

....................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुखद्धारा प्रमाणिकरण

# मिति २०७५/०८/०३ गते सोमवार

# पृष्ठ् संख्या :५

# लोकल कुखुरा श्रोत केन्द्र स्थापना सम्बन्धी कार्यविधि २०७५

प्रस्तावाना :

नेपाल एक भौगोलिक विविधताले सजिएको, कृषि प्रधान देश हो । दिनप्रति दिन पशु तथा पक्षींपालन व्यवसाय नेपालमा फस्टाउदै गएको छ । यसरी कृषकको आकर्षण बन्दै गएको कुखुरा पालन व्यवसायको विकासवाट सिगों राष्ट्रका लागि टेवा पुग्ने सम्भावानालाई आत्मसात गरी नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयले आगामी १ वर्ष भित्रमा अण्डामा नेपाल आत्म निर्भर हुनेछ भनी प्रतिवद्धता जाहेर गरेको थियो । हाल नेपालमा बार्षिक करिब कुखुराको संख्या ४ करोड ८० लाख ७९ हजार मध्ये अण्डा दिने कुखुरा ८३ लाख ५० हजार रहेको सोबाट बार्षिक ९० करोड अण्डा उत्पादन हुन्छ । कूल उत्पादन र देशको जनसँख्याको हिसाब गर्दा हाल नेपालमा प्रति व्यक्ति प्रतिवर्ष ३३ वटा अण्डा उपलब्धता छ भने यसलाई १ वर्षभित्रमा ४८ वटा प्रति व्यक्ति पुऱ्याई देशलाई अण्डाको क्षेत्रमा आत्मनिर्भर बनाउनु एक चुनौतिपूर्ण कार्य हो ।

हाल नेपालमा कूल ४ करोड ८० लाख ७९ हजार भएतापनि अधिकाँश कुखुराको संख्या ग्रामीण क्षेत्रमा स्थानीय नश्लका भएको र यिनीहरुको अण्डा उत्पादन औषतमा ७० देखी ८० वटा प्रति व्यक्ति प्रति वर्षमा उत्पादन हुने भएकोले अपेक्षित सफलता प्राप्त गर्नका लागि अव्यवस्थीत बड्दो शहरी विकाससगै बढ्दैगएको व्यवसायिक उन्नत कुखुरा पालन र भविष्यमा त्यसवाट पर्न जाने जोखिम समेत न्युनीकरण गर्न अति आवश्यक छ। राष्ट्रको नयाँ संरचना र बड्दो वसाई सराई अनि अव्यवस्थित वस्ती विकास, वढ्दो शहरिकरणले भावी दिनमा कुखुरापालन व्यवसायबाट मानव स्वास्थ्यमा जोखिम कम गर्न समयमानै विषयगत व्यवसायको क्षेत्र निर्धारण गरी ग्रामीण क्षेत्रमा गरिने ग्रामीण (लोकल) कुखुरालाई आधुनिक र व्यावसायिक रुपमा व्यवस्थित पालन गरी हाल भैरहेको निर्वाहमुखी व्यवसायलाई उत्पादन मुलक बनाउन अति आवश्यक ठानी, यस बिर्तामोड नगरपालिकामा क्षेत्र समेत छुट्याई यो कार्यक्रम लागु गरिएको छ । हाल यस विर्तामोड नगरपालिका क्षेत्रमा दुध, ब्रोइलर कुखुरा, बंगुरको मासु तथा पाठापाठीमा आत्मनिर्भर रहेको छ । स्थानीय कुखुराको मासु प्रति के.जी ६५० रुपैया, अण्डा २० रुपैयामा कारोवार हुनेगरेको पाईन्छ, तर यहाँका उपभोक्ताले लोकल कुखुराको मासु र अण्डा ठूलो मात्रामा अन्य ठाउँबाट आयात गर्नु पर्ने हुदा जसलाई यसै नगरपालिकामा आत्मनिर्भर रहन साथै पारिवारिक स्तरमा पोषण सुरक्षाको लागि ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि स्थानीय निकाय बिर्तामोड नगरपालिका पशु सेवा शाखाबाट यो कार्यविधि जारी गरिएको छ ।

**१.उद्देश्यहरु :**

क. ग्रामीण (लोकल) कुखुरा प्रर्वद्धन तथा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

ख. खाद्य पोषण सुरक्षाको लागि ग्रामिण (लोकल) कुखुरा विकास गर्ने र व्यावसायिकरण गरी आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने ।

ग. लोकल कुखुराको अण्डामा आत्मनिर्भर कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

घ. अन्यन्त्रवाट आयात हुने लोकल कुखुराको अण्डा र लोकल कुखुराको मासुको आयातमा रोक लगाउने ।

**२.कार्यक्रम सञ्चालन विधि :**

क. एक दिने चल्लालाई ब्रुडिंग गरि १ महिना सम्म हुर्काउन (वितरण पुर्व ) का लागी २ जना कृषक २ वटा वार्डमा चल्ला हुर्काउने केन्द्र स्थापना गरिनेछ। सो केन्द्र स्थापनाका लागि सुचना प्रकाशन गरी ईच्छुक व्यक्तिलाई नगर कार्यसमितीबाट अनुमोदन गराई छनौट पश्चात कार्यालयले सम्भौता गर्नेछ। प्रतिकेन्द्र चल्ला हुर्काउनका लागि एकमुष्ठ रु. १०००००(एक लाख) (यस अवधिमा आवश्यक पर्ने खोपको व्यवस्थापन आफैले गर्नुपर्नेछ) अनुदान उपलब्ध गराईनेछ । साथै सो को वैकल्पिक व्यवस्था (Back up) को रुपमा अन्य श्रोत केन्द्रलाई समेत समन्वय र अनुरोध गरिनेछ।

**ख**. वडा छनौट भई सकेपश्चात सम्वन्धित पशु सेवा शाखावाट नगर कृषि समितिमा अनुमोदन लागि पेश गर्नु पर्नेछ।

**ग.**आगामी बर्षहरुमा नगरपालिका बाहिरपनि बिक्री बितरणको लागि श्रोत केन्द्रलाई सम्पतिको रुपमा विकास गर्दै लैजाने।

**छनोट गर्नु पर्ने आधारहरु:**

१) ग्रामीण क्षेत्र हुनुपर्नेछ।

२) छनौट गरिने स्थानमा विजुली, सडक, पानी एवम् अन्य पूर्वाधार विकास भएको

३) कृषक स्थानीय कुखुरा श्रोतकेन्द्र राख्न ईच्छुक भएको, साथै श्रोत साधन र सामाजिक मूल्य मान्यता कायम राख्ने हुनु पर्ने।

४) श्रोत केन्द्र कुखुरा पालन मापदण्ड भित्र हुनुपर्ने छ।

**३. <u>लोकल कुखुरा श्रोतकेन्द्र कार्यक्रम कार्यविधि:</u>**

**क.** श्रोतकेन्द्र स्थापना गर्ने कृषक छनौट भए पश्चात सो स्थानमा रहेको स्थानीय/उन्नत पंक्षीको प्रारम्भिक तथ्यांक संकलन गरा कार्यालयलेले अभिलेख राख्नेछ र पशु सेवा शाखामा सुरक्षित रहने छ।

**ख.** छनौट भएको स्थानमा प्रारम्भिक सर्भेक्षण एवम् कार्यक्रमको सम्भाव्यता एवम् प्राविधिक उपयुक्तता कायम गर्नेछ।

**ग.** छनौट भएका कृषकहरुलाई कुखुरा श्रोतकेन्द्र सम्वन्धी प्राबिधिक ज्ञान दिईन्छ।

**घ.** ग्रामीण कुखुरा श्रोतकेन्द्र संचालनार्थ छनौट भएका प्रति कृषक एकमुष्ट १०००००(एक लाख) अनुदान उपलव्ध गराउने छ।

**ङ** ग्रामीण कुखुरा श्रोतकेन्दको लागि आवश्यक चल्ला दमक स्थानीय कुखुरा फार्मले उपलव्ध गराउने छ। सो का लागि सम्वन्धित शाखाले कार्यक्रमको सुरुवातमा नै समन्वय गर्नेछ।

**च.** कृषकले चल्ला प्राप्त गर्नु अगाडि नै कृषकलाई biosecurity को तयारी सम्बन्धित शाखाले गर्नेछ।

**छ**. कृषकले चल्ला प्राप्त गरिसके पश्चात हुर्काउने क्रममा निजलाई खोप, परजिवी नियन्त्रण आफैले गर्नुपर्ने छ भने अन्य प्राविधिक सहयोग शाखाले गर्नेछ।

**ज.**लोकल कुखुरा श्रोत केन्द्र स्थापनामा कृषकले व्यहोर्नु पर्ने ५० प्रतिशत लगानी कृषकको श्रम, श्रोत साधन र निर्माण सामग्रीलाई समेत मान्यता दिईने छ।

**<u>नगर कृषि समितीको बनोट</u>**

विर्तामोड नगरपालिकाद्धारा उपमेयर ज्युको संम्योजकत्वमा गठन गरिएको ५ सदस्यीय कृषि समितीलाई मानिनेछ।

**<u>अनुगमन तथा प्राविधिक समिती :</u>**

यसकार्यक्रमको अनुगमन तथा प्राविधिक लेखाजोखा चुस्तदुरुस्त पार्न तपशिल बमोजिमको ३ सदस्यीय समिती परिचालन गरिने छ ।

संयोजक : पशुसेवा शाखा प्रमुख

सदस्य : पशुसेवा शाखा प्रमुखले तोकेको व्यक्ति

सदस्य :कृषि समितीले सिफारिस गरेको व्यक्ति

**मूल्यांकन गर्दा देहायका आधारमा गर्नुपर्नेछः**

१. कार्य योजना
२. कुखुरापालन तालिम अनुभव
३. व्यवसायको सम्भाव्यता/उपयुक्तता
४. पालिरहेका वा व्यवसाय शुरु गर्ने कुखुराको संख्या
४ खोरको अवस्था
५. दानापानीको अवस्था
६. जैविक सुरक्षाको अवस्था
७. सामाजिक परीबेश
८. श्रोत साधनको पर्याप्तता
९. बजारको सम्भाब्यता

अनुगमन तथा प्राविधिक समितिले प्रतिवेदन बनाइ स्वीकृतिका लागि कृषि समितिमा पेश गर्नेछ । अनुदानका लागि अन्तिम छनौट भएका कृषकहरुको नामनामेसी सहितको विवरण वडा कार्यालयल/पशु सेवा शाखामा टाँस गरिने छ । छनौट भएका कृषकहरुसँग सम्झौता बमोजिम अनुदान रकम खोर निर्माण कार्य सुरु गरे पछि पहिलो किस्ता र कार्य सम्पन्न गरिसके पश्चात अन्तिम किस्ता व्यक्तिको खातामा वा बील भर्पाई द्धारा भूक्तानी गरिने छ ।

**कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।**

..................................

**ध्रुव कुमार शिवाकोटी**

**नगर प्रमुख**

**नगर प्रमुख द्धारा प्रमाणिकरण**

**मिति २०७५/०८/०३ गते सोमबार**

पाना संख्या : ५

# हिउँदे घाँस तथा बर्षे घाँसबाली स्रोत केन्द्र स्थापना तथा संचालन कार्यविधि–२०७५/०७६

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति२०७५/०७/२९ गते विहिवार

विर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं प्रदेश

विर्तामोड, झापा

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

...................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुखद्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमवार

पाना संख्या :४

# हिउँदे घाँस तथा बर्षे घाँसबाली स्रोत केन्द्र स्थापना तथा संचालन कार्यविधि–२०७५

**प्रस्तावना :**

आधुनिक कृषि पशुपालन आजको दिनमा फस्टाउदै गएको छ । तरपनि यस पेशाले दिगो आर्थिक विकास गर्न सकिरहेको पाईदैन । यसको मुख्यकारण भनेको कृषकले पशुआहारमा घाँसको उपलब्धता कम हुनु हो । जसले गर्दा उत्पादन लागत बढ्न जान्छ, जबसम्म उत्पादन लागतमा कमी हुदैन, तबसम्म यो व्यवसाय नाफा मुलक हुन सक्दैन । यस पेशालाई प्रतिस्पर्धी, आयमुलक, नाफामुलक, व्यवस्थित र व्यवसायिक रुपमा स्थापित गरी कम लागतमा बढी उत्पादन लिन सक्ने व्यवसायको रुपमा स्थापित गर्न चुनौती रहेको छ । बिषेशगरी मानव स्वास्थ्यमा अपरिहार्य पशुपालनबाट उत्पादित वस्तुहरु, दुध, मासु र उनको उत्पादन घटाउन घाँसमा आधारित पशुपालन अपरिहार्य र प्रमुख आवश्यकता हो । यसै सन्दर्भको टट्कारो अभावलाई सहज, सरल र व्यवस्थित गरी पशुपालन व्यवसायमा टेवा पुर्‍याउने उद्धेश्यका साथ उन्नत घाँस खेतीलाई व्यापक र प्रोत्साहन गदै कृषकलाई आवश्यक पर्ने गुणस्तरिय घाँसको विउ, सिड्स, स्लिपको उत्पादन र वितरण नगर क्षेत्र भित्र नै सुनिश्चत गर्ने हेतुले विर्तामोड नगरपालिका पशुपन्छीं विकास शाखाले हिउँदे तथा वर्षे घाँस, घाँसवालीको श्रोतकेन्द्र स्थापना गरा संचालन गर्ने कार्यक्रम लागु गरे अनुसार हिउँदे तथा वर्षे र घाँसेवाली श्रोतकेन्द्र स्थापना तथा संचालन गर्ने कार्यक्रमलाई सरल, सहज, व्यवस्थित र प्रभावकारी र पारदर्शीरुपमा संचालन गर्न यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

उद्धेश्य :

१.कृषकहरुलाई आवश्यक पर्ने विभिन्न घाँसका विउ, सिड्स, स्लीप, वेर्नाहरु नगरभित्रै उपलव्धताको सुनिश्चिता गर्ने ।

२. पशुउत्पादकत्व (दुध तथा मासु)मा वृद्धि गर्ने

३.पशुउत्पादनमा लागत कम गर्ने

४.विभिन्न घाँसेवालीका विउको राष्ठिय आवश्यकता पहिचान गरि सोही अनुसारको श्रोत केन्द्रको विकास तथा विउको वडढदो मागलाई व्यवस्थित तरिकावाट आपुर्ती व्यवस्था मिलाउन कृषक, समुह तथा समिति र सहकारीहरुलाई परिचालन गरी गुणस्तरीय विउ उत्पादन र वितरण गर्ने ।

**घाँसेवाली कार्य संचालन विधि :**

**१. कार्यक्रम संचालन हुने वडाहरु** : श्रोत केन्द्र बाहेक अन्य १० वटै वडाहरुमा ।

२. कार्यक्रम संचालन गर्दा अपनाउन पर्ने विधिहरु :

क) ठुला गाई भैसी फार्म घाँस खेती व्यवसायीहरुलाई सरल मुल्यको ५० प्रतिशत अनुदानमा उपलब्ध गराईने छ ।

ख) साना किसान तथा दर्ता नभएका किसानहरुलाई मिनिकिटको रुपमा निःशुल्क वितरण गरिने छ ।

ग) सुचना प्रकाशित भएपछि अनुदानमा घाँस लिने कृषकले ५० प्रतिशत को रकम अगाडि नै रकम जम्मा गर्नुपर्नेछ भने निःशुल्क लिने किसानहरुले नाम लेखाई राख्नु पर्ने छ ।

**<u>नगर कृषि समितीको बनोट</u>**

विर्तामोड नगरपालिकाद्धारा उपमेयर ज्युको संम्योजक्त्वमा गठन गरिएको ५ सदस्यीय कृषि समितीलाई मानिनेछ ।

**अनुगमन तथा प्राविधिक समिती :**

यसकार्यक्रमको अनुगमन तथा प्राविधिक लेखाजोखा चुस्तदुरुस्त पार्न तपशिल बमोजिमको ३ सदस्यीय समिती परिचालन गरिने छ ।

संयोजक : पशुसेवा शाखा प्रमुख

सदस्य : पशुसेवा शाखा प्रमुखले तोकेको व्यक्ति

सदस्य :कृषि समितीले सिफारिस गरेको व्यक्ति

**डालेघाँस श्रोत केन्द्र स्थापनाका मुल्याकंन :**

१.कार्ययोजना, घाँस खेती सम्बन्धी तालिम तथा अनुभव

२.व्यवसायको संभाव्यता र उपयुक्तता

३.घाँसको प्रकार र घाँस लगाई रहेको क्षेत्र

४.यातायातको सुबिधा र माटोको अवस्था

५.सुरक्षाको अवस्था र सामाजिक परिवेश

६.श्रोत साधनको पर्याप्तता र बजारको सम्भाव्यता

अनुगमन तथा प्राविधिक समितिले प्रतिवेदन बनाई स्वीकृतिका लागि कृषि समितिमा पेश गनुर्नेछ । अनुदानका लागि अन्तिम छनौट भएका कृषकहरुको नामावली सहितको विवरण वडा कार्यालय तथा पशुपन्छी विकास शाखामा टाँस गरिने छ । छनौट भएका कृषकहरुसँग सम्फौता बमोजिम पकेट प्याकेजको गठित समितिको खातामा र श्रोत केन्द्रको अनुदान रकम कृषकले आफ्नो भाग जम्मा गरेको भोलिपल्ट बाटै खोर निर्माण वा सुधार कार्य सम्पन्न गर्न र गरिसकेपछि सम्बन्धित कृषकको खातामा एकमुष्ठ जम्मा गरिने छ ।

**कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।**

..................................

**ध्रुव कुमार शिवाकोटी**

**नगर प्रमुख**

**नगर प्रमुख द्धारा प्रमाणिकरण**

**मिति २०७५/०८/०३ गते सोमबार**

**पाना संख्या : ४**

# कुखुरा फार्म (गोठ सुधार) कार्यन्वयन
# <u>कार्यविधि –२०७५</u>

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति२०७५/०७/२९ गते विहिवार


विर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं प्रदेश

विर्तामोड ,झापा

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

....................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमवार

पाना संख्या : ४

# कुखुरा फार्म (गोठ सुधार) कार्यन्वयन

# कार्यविधि –२०७५

प्रस्तावाना :

नेपाल एक भौगोलिक विविधताले सजिएको,कृषि प्रधान देश हो । दिनप्रति दिन पशु तथा पक्षींपालन व्यवसाय नेपालमा फस्टाउदै गएकोछ । यसरी कृषकको आकर्षण बन्दै गएको कुखुरा पालन व्यवसायको विकासवाट सिगों राष्ट्रका लागि टेवा पुग्ने सम्भावना रहेको पाईन्छ । हाल नेपालमा वार्षिक करिब कुखुराको संख्या ४ करोड ८० लाख ७९ हजार मध्ये अण्डा दिने कुखुरा ८३ लाख ५० हजार रहेको सोबाट बार्षिक ९० करोड अण्डा उत्पादन हुन्छ । कूल उत्पादन र देशको जनसँख्याको हिसाब गर्दा हाल नेपालमा प्रति व्यक्ति प्रतिवर्ष ३३ वटा अण्डा उपलब्धता छ भने यसलाई १ वर्षभित्रमा ४८ वटा प्रति व्यक्ति पुऱ्याई देशलाई अण्डाको क्षेत्रमा आत्मनिर्भर बनाउनु एक चुनौतिपूर्ण कार्य हो ।

अव्यवस्थीत बड्दो शहरी विकास सँगै बढ्दैगएको व्यवसायिक उन्नत कुखुरा पालन र भविष्यमा त्यसवाट पर्न जाने जोखिम समेत न्युनीकरण गर्न अति आवश्यक छ । राष्ट्रको नयाँ संरचना र बड्दो वसाई सराई अनि अव्यवस्थित वस्ती विकास, वढ्दो शहरिकरणले भावी दिनमा कुखुरापालन व्यवसायबाट मानव स्वास्थ्यमा जोखिम कम गर्न कुखुरा पालन व्यवसायलाई आधुनिक र व्यावसायिक रुपमा व्यवस्थित पालन गरी हाल भैरहेको निर्वाहमुखी व्यवसायलाई उत्पादन मुलक बनाउन अतिआवश्यक ठानी यस बिर्तामोड नगरपालिकामा यो कार्यक्रम लागु गरिएको छ । हाल यस विर्तामोड नगरपालिका क्षेत्रमा दुध, ब्रोइलर कुखुरा, बंगुरको मासु तथा पाठापाठीमा आत्मनिर्भर रहेको छ । कुखुरा प्रवर्द्धन कार्यक्रमलाई व्यवस्थित, सरल, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि स्थानीय निकाय बिर्तामोड नगरपालिका पशु सेवा शाखाबाट यो कार्यविधि जारी गरिएको छ ।

**१.उद्देश्यहरु :**

क. खोर सुधारमा सहयोग गर्ने ।

ख. खाद्य पोषण सुरक्षाको लागी कुखुरापालन व्यवसायको विकास गर्ने र व्यावसायिकरण गरी आय आर्जन श्रोतको रुपमा स्थापना गर्ने ।

ग. अव्यवस्थित गोठ खोरलाई मापदण्ड बमोजिम सुधार गर्न प्रोत्सान गर्ने ।

**२.कार्यक्रम सञ्चालन विधि :**

क. यस कार्यक्रममा सहभागी हुने कृषकहरुले कुनैपनि जातको कुखुरा पालन व्यवसायिक रुपमा गरेको हुनुपर्नेछ, यस कार्यक्रमको सुचना पशुपन्छी विकास शाखाबाट प्रकाशित सुचनाको आधारमा आवेदन पेश गरी सहभागी बन्नुपर्ने छ, साथै स्थानीय निकायमा दर्ता भई सम्बन्धित शाखामा दर्ता भई सन्चालनमा रहेका कृषकहरुका लागि यो कार्यक्रम व्यवसायिक प्रहोत्सानका लागि संचालन गरिने छ ।

**छनोट गर्नु पर्ने आधारहरुः**

१) कुखुरा पालन व्यवसाय दर्ता भएको हुनुपर्नेछ ।

२) कम्तीमा १०० कुखुराको संख्या भन्दा माथि पालन गरेको हुनुपर्ने छ ।

३) खोर सुधारकोलागि राष्ट्रिय मापदण्ड अनुसार बनेको खोरलाई प्रोत्सान हुने ।

४) कुखुरा पालक कृषक स्वयम् व्यवसाय प्रति ईच्छुक र सकरात्मक सोचाईका साथ व्यावसायिक वन्न चाहने हुनुपर्ने ।

**<u>नगर कृषि समितीको बनोट</u>**

विर्तामोड नगरपालिकाद्धारा उपमेयर ज्युको संम्योजकत्वमा गठन गरिएको ५ सदस्यीय कृषि समितीलाई मानिनेछ ।

**<u>अनुगमन तथा प्राविधिक समिती :</u>**

यसकार्यक्रमको अनुगमन तथा प्राविधिक लेखाजोखा चुस्तदुरुस्त पार्न तपशिल बमोजिमको ३ सदस्यीय समिति परिचालन गरिने छ ।

संयोजक : पशुसेवा शाखा प्रमुख

सदस्य : पशुसेवा शाखा प्रमुखले तोकेको व्यक्ति

सदस्य :कृषि समितिले सिफारिस गरेको व्यक्ति

**मूल्यांकन गर्दा देहायका आधारमा गर्नुपर्नेछः**

१. कार्य योजना
२. कुखुरापालन तालिम अनुभव
३. व्यवसायको सम्भाव्यता/उपयुक्तता
४. पालिरहेका वा व्यवसाय शुरु गर्ने कुखुराको संख्या
४ खोरको अवस्था
५. दानापानीको अवस्था
६. जैविक सुरक्षाको अवस्था
७. सामाजिक परीबेश
८. श्रोत साधनको पर्याप्तता
९. बजारको सम्भाब्यता

अनुगमन तथा प्राविधिक समितिले प्रतिवेदन बनाई स्वीकृतिका लागि कृषि समितिमा पेश गर्नेछ । अनुदानका लागि अन्तिम छनौट भएका कृषकहरुको नामनामेसी सहितको विवरण वडा कार्यालयल/पशु सेवा शाखामा टाँस गरिने छ । छनौट भएका कृषकहरुसँग सम्झौता बमोजिम अनुदान रकम खोर निर्माण कार्य सुरु गरे पछि पहिलो किस्ता र कार्य सम्पन्न गरिसके पश्चात अन्तिम किस्ता व्यक्तिको खातामा वा वील भर्पाई द्धारा भुक्तानी गरिनेछ ।

**धन्यवाद**

**कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।**

...................................

**ध्रुव कुमार शिवाकोटी**

**नगर प्रमुख**

**नगर प्रमुख द्धारा प्रमाणिकरण**

**मिति २०७५/०८/०३ गते सोमबार**

**पाना संख्या : ४**

# ठुला तथा मझौला गाई फार्म प्रबर्द्धन कार्यक्रम कार्यन्वयन सम्बन्धी

# कार्यविधि –२०७५

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः२०७५/०७/२९ गते बिहिवार

विर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
१ नं प्रदेश
विर्तामोड ,झापा

कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।

.................................

ध्रुव कुमार शिवाकोटी

नगर प्रमुख

नगर प्रमुख द्धारा प्रमाणिकरण

मिति २०७५/०८/०३ गते सोमवार

पाना संख्या : ४

# ठुला तथा मझौला गाई फार्म प्रबर्द्धन कार्यक्रम कार्यन्वयन सम्बन्धी

# कार्यविधि –२०७५

**प्रस्तावना :**

कुल कृषि ग्राहस्थ उत्पादनको करिब २८ प्रतिशत योगदान रहेको पशु उत्पादन क्षेत्रको निर्वाहमुखीबाट विस्तारित व्यवसायीकरण हुदै गईरहेको परिप्रेक्षमा यस क्षेत्रको नविन क्षेत्रमा लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ । दुःध उत्पादनका लागि गाई/भैसी पालन गरी व्यवसायिक रुपमा स्थापित भएका ठुला तथा मझौला गाई फार्महरुको प्रोत्सान गरी फार्म सुधारमा थोरै भएपनि टेवा पुर्याउने उदेश्यका साथ यो कार्यक्रम लागु गरिएको छ ।

मानव स्वास्थ्य लागि अमृतमय दुधको जति महत्व रहेको हुन्छ त्यतिकै रुपमा अर्गानिक तरकारी उत्पादन गर्न प्रयोग हुने कम्पोष्ट मल तथा जैविक विषादीको लागि पिसाब उतिनै आवश्यक मानिन्छ । व्यवस्थित गाई पालनबाट यथेष्ट आम्दानी लिन सकिने र बेरोजगारी समस्यालाई कम गरी स्वरोजगार हुनमा यो पेशाको निकै ठुलो योगदान रहने महसुस गरी यस नगर क्षेत्रमा रहेका व्यवसायिक ठुला तथा मझौला गाई फार्मलाई दिईने अनुदानलाई बढी प्रभावकारी बनाई लक्षित बर्गसम्म पुर्याउनुका साथै गाई पालन मार्फत बढी प्रतिस्पर्धी बनाउनका लागि उक्त अनुदान प्रदान प्रकृयालाई व्यवस्थित गर्न यो कार्यविधि २०७५ स्वीकृत गरी लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :**

**यस कार्यविधिको नामः** (ठुला तथा मझौला फार्म प्रवर्धन कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि २०७५/०७६ रहेको छ )

**यो कार्यविधि लागु :** ( विर्तामोड नगरपालिकाको कृषि समितीको बैठकवाट निणर्य भई स्वीकृत भएको मितिबाट लागु हुने छ )

**२.परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्याविधिमा

(क) **लाभावन्ति वर्ग भन्नाले** : कम्तीमा ५ माउ भन्दा वढि संख्यामा गाई वा भैसी पालेर व्यवसाय दर्ता गरी संचालनमा रहेका कृषक वा फार्मलाई वुझाउने छ ।

(ख) **अनुदान भन्नाले** : परिभाषा **२ को (क)** ले परिभाषित गरेको कृषकलाई दिईने ५००००। पचास हजार मात्र रकमलाई सम्झनु पर्दछ ।

(ग) **फार्म भन्नाले** : यस नगरपालिका क्षेत्र भित्र मापदण्ड बमोजिम गोठ निर्माण गरी ५ माउ भन्दा बढी गाई वा भैसी पालन गरी सम्बन्धित निकायमा दर्ता भएको गाई फार्मलाई सम्झनु पर्दछ ।

(घ) **प्राविधिक समिती भन्नाले** : यस कार्यविधि अनुसार तपशील बमोजिमको ३ सदस्य समितिलाई सम्झनु पर्दछ ।

१.संयोजक : पशुपन्छीं विकास शाखा प्रमुख

२.सदस्य : कार्यक्रम हर्न तोकिएको प्राविधिक कर्मचारी

३.सदस्य : कृषि समितीले तोकेको सदस्य

(ङ) **सम्बन्धित कार्यालय भन्नाले** : विर्तामोड नगरपालिका, पशुपन्छी विकास शाखालाई सम्झनु पर्दछ ।

**३.उदेश्य : यस कार्यक्रमको उदेश्य देहाय बमोजिम रहेका छन ।**

(क) गाई पालक कृषकलाई फार्म सुधार कार्यमा टेवा पुर्‍याउने ।

(ख) पशुपालन व्यवसायको उत्पादन लागत घटाउन ।

(ग) अर्गानिक तरकारी खेती गर्ने किसानलाई जैविक विषादी र कम्पोष्ट मल तयार गर्न ।

(घ) स्वस्थ दुध ,दुग्धजन्य पदार्थको उत्पादन वृद्धि गर्न ।

**४.ठुला तथा मझौला गाई फार्म प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया**

क) कार्यक्रम संचालनहुने :विर्तामोड नगरपालिकाको सवै वडाहरुमा यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालनगर्न सक्नेछन् ।
ख) कार्यक्रम संचालन अवधिः यो कार्यक्रमबिर्तामोड नगरपालिकाले निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।
ग) व्यावसायिक गाई फार्मको वर्गीकरणः यस कार्यक्रमअन्तर्गत व्यावसायिक गाई फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छः
(१) निजी व्यावसायिक गाईपालनफार्म : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम ५ वटा दुहुना माउ गाई वा भैसी पालन गरिरहेका फार्मलाई वुझाउने छ ।
(२) समुह वा समितिमा संचालन हुने व्यावसायिक गाईपालन फार्महरुः  कृषकसमुह/साझेदारी वा समितिमा कम्तिमा २ वा २ जना भन्दा बढी सदस्य भएको र कम्तीमा १ सदस्य वरावर ५ माउ गाई भएको हुनुपर्ने छ ।
(३) सहकारीमा संचालन हुने व्यावसायिक गाई पालनफार्महरु : कम्तिमा २५ जनासदस्यहरुले गाईपालन गरिरहेको वा सो संख्याका कृषकहरुले गाईपालन व्यवसाय शुरु गर्ने र प्रति सदस्य कम्तिमा औषत २० माउगाई (सहकारीको स्वमित्वमा हुनुपर्ने ) भएको फार्महरुलाई व्यावसायिक मानिने छ ।
**घ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम सहकारीमा व्यावसायिक गाईपालन फार्महरु  स्थापना वा सुदृढिकरणका लागि बढीमा रु. ५०,००० (पचास हजार मात्र)**
(१)निजी व्यावसायिक फार्म,समुह/समितिमा व्यावसायिक गाईपालन फार्महरु र नोट : प्रस्तावकले कम्तिमा अनुदान रकम बराबरको लगानी गर्नु पर्ने छ र सोही वरावरको रकम अनुगमन पश्चात ब्यक्ति, समुह वा समितिको  खातामा नियमानुसार किस्तामा कर कट्टी गरी पाउनेछ ।
**ङ) अनुदान रकमको उपयोग**
यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाख्राको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याकं, घाँस विकास तथा नर्सरी स्थापना, आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट गाईको दाना, औषधि, खनिजपदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।
**च) कार्यक्रम संचालन प्रकृया**
१) प्रस्ताव आव्हान : निजीफार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा
व्यावसायिक गाईफार्म स्थापना वा सुदृढिकरणका लागि विर्तामोड नगरपालिकाको पशु सेवाशाखाले प्रकासित गरेको सूचना प्रस्ताव आव्हान गरिनेछ , प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नका लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्तावकमशः अनुसूची २ र ३ (ख)बमोजिम हुनेछ ।

**<u>मुल्याकंन तथा छनौट समितीको बनोट :</u>**

यसकार्यक्रम मुल्याकंन तथा छनौटका लागि नगरपालिकाको कृषि समिती संयोजकको अध्यक्षतामा वसेको वैठकले प्राविधिक समितीले गरेको  स्थलगत अनुगमन तथा प्रविधिक प्रतिवेदन तथा सिफारिसको आधारमा गर्नेछ । मुल्याकंनका आधारहरु तपशिल बमोजिम हुनेछ ।

(१) कार्य योजना

(२) व्यवसायको सम्भाव्यता र उपयुक्तता

(३) निवेदकले पालिरहेका पशुवस्तुहरुको संख्या

(४) गोठ खोरको अवस्था र  सुधारको आवश्यकता

(५) घाँसको उपलब्धता र जग्गाको उपलब्धता

(६) जैविक सुरक्षाको अवस्था र भावि सुरक्षामा पर्ने असरको अध्ययन

(७) सामाजिक परिवेश र वस्ती विकासको सम्भावना

(८) श्रोत साधनको पर्याप्तता

(९) बाजारको पहुँच र सम्भाव्यता

माथि उल्लेखित बुदाहरुको आधारमा विर्तामोड नगरपालिका पशुपन्छी विकास शाखाको प्राविधिक समितीले गरेको स्थलगत अनुगमन तथा प्रविधिक प्रतिवेदन तयार गरी कृषि समितीमा पेश गरिसकेपश्चात उक्त समितीको वैठकवाट छनौट हुने कृषकहरुको नामावली प्रकाशित गरिनेछ र उक्त सुचनाहरु नगरपालिकाको सम्पूर्ण वडा कार्यलयमा (१०) र पशुपन्छी विकास शाखामा टाँस गरिने छ। यसरि छनौट हुने फार्मलाई कार्यक्रमको सम्झौता पत्र बमोजिम सम्झौता गराई ठुला तथा मझौला गाई फार्म प्रवद्धन  कार्यक्रम कार्यन्वयन गर्न यस कार्यविधिलाई आधार मानिनेछ।

धन्यवाद

**कार्तिक २९, २०७५ मा बसेको कार्यपालिकाको बैठकले पारित गरेको व्यहोरा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।**

..................................

**ध्रुव कुमार शिवाकोटी**

**नगर प्रमुख**

**नगर प्रमुख द्धारा प्रमाणिकरण**

**मिति २०७५/०८/०३ गते सोमबार**

**पृष्ठ संख्या :५**

**नगर कार्यपालिकाको कार्यालय विर्तामोड**

**पशुपंछी सेवाशाखा**

**बिर्तामोड झापा**

**प्रदेश नं. १**

**अनुसुची–१**

**कार्यकम सञ्चालनको लागि प्रस्ताब आह्वान सम्बन्धी सुचना**

**प्रथम पटक प्रकाशित सुचना मितिः २०७५।०६। १८**

बिर्तामोड नगरपालिका पशुपंछी सेवाशाखाझापाको आ.ब. २०७५/०७६ को बार्षिक स्विकृत कार्यकमअनुसार मझौलातथा ठूला किसानहरुको लागि ५० प्रतिशत साझेदारी अनुदानमा तपशीलका कार्यकमहरु सञ्चालन हुने भएकोले यो सुचनाप्रथम पटक प्रकाशनभएको मितिले १५ दिनभित्र(२०७५।०७।०९ गते सम्म) रीतपूर्बक आबेदन दिनहुन यो सुचना प्रकाशित गरिएको छ

**।प्रश्ताबकफार्महरुले सरकारी निकायवाट बिगत ३ आर्थिक बर्ष सम्ममान गर्दा वा बस्तुगत अनुदान सहयोग लिई सकेका ब्यवसायी फार्म छनौट प्रकृयामा समाबेश हुने छैन ।**

**अनुदान दिने आधारहरुः**

क. गाई /भैंसी कम्तिमा ५माउ हुनुपर्ने छ ।

ख. बाखा कम्तिमा २० माउ हुनुपर्ने छ ।

ग. बंगुर कम्तिमा ५ माउ हुनुपर्ने छ ।

घ. तरकारी खेती अनिबार्य गरेको हुनुपर्ने छ ।

ङ.गाई/भैंसी ब्यवसायीको लागि कम्तिमा १० कट्ठामा घाँस लगाएको हुनुपर्ने छ भने बाखाको लागि ५ कट्ठामा घाँस लगाएको हुनुपर्ने छ ।

| सि.नं. | सञ्चालन गरिने कार्यकमहरु | संख्या | शाखाको अनुदान रकम रु. | कृषकको लगानी रकम रु. | जम्मालगानी |
|---|---|---|---|---|---|
| १ | फार्म सुधार गाईमा | ५ | ५० हजार | ५० हजार | १ लाख |
| २ | फार्म सुधार बंगुरमा | ३ | ५० हजार | ५० हजार | १ लाख |
| ३ | फार्म सुधार बाखामा | ३ | ५० हजार | ५० हजार | १ लाख |
| ४ | खोर सुधार कुखुरामा | १५ | १० हजार | १० हजार | २० हजार |

**आबश्यककागजातहरुः**

१. अनुसूची २ अनुसारको आबेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिक र बिर्तामोड नगरपालिका भित्र बसोबास गर्ने प्रमाण खुलेको कागजातको प्रतिलिपी ।

४.जग्गाधनी प्रमाण पुर्जावालीज (भाडा), ठेक्का, अधियामा भए कम्तिमा १० बर्षको सम्झौतापत्र ।

५. ब्यबसायीफार्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

६. स्थायी लेखा नं. (पान) प्रमाण पत्रको प्रतिलिपी ।

७. अनुसूची २ अनुसारको फाराम भरी रु.३०० का दरले बिर्तामोड नगरपालिकामा राजस्व तिरेको भौचर ।

***पूनश्च:****कुखुरा फार्मको लागी राजस्व २०० मात्रलाग्नेछ ।*

अनुसुची –२

**मझौला तथा ठुला किसानहरुको लागि फार्म सुधार कार्यक्रम आर्थिक वर्ष ०७५/०७६**

( **मझौला तथा ठुला कृषकहरुका लागि** )

श्रीमान नगर प्रमुख ज्यु मिति :

नगर कार्यपालिकाको कार्यालय विर्तामोड ,झापा

बिषय : फार्म सुधार कार्यक्रम उपलब्ध गराई पाउँ भन्ने बारे ।

महोदय,

उपरोक्त बिषयमा यस शाखाको मिति २०७५/०६/१९ गते प्रकाशित सुचना अनुसार ( **गाई/भैसी/बाखा/बंगुर/कुखुरा** ) को फार्म सुधार गर्ने कार्यमा सहयोग पुग्ने आशा राखी आवश्यक कागजात सम्लग्न गरी अनुदान रकम उपलब्ध गराई दिनु हुन अनुरोध गर्दै यो निवेदन पेश गर्दछु । साथै मैले अनुदान सहयोग रकम प्राप्त गरेमा कार्यालयको नियम अनुसार कार्य गर्नेछु ।

**निर्धारित प्रकृया अनुसार यस कार्य**

तपशील

१.अनुसुची २ अनुसारको आवेदन

२.अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३.नेपाली नागरिक र विर्तामोड नगरपालिका भित्र बसोवास गर्ने प्रमाण खुलेको कागजातको प्रतिलिपी

४.जग्गाधनी प्रमाण पुर्जा वा लीज (भाडा) ठेक्का, अधियामा भए कम्तिमा १० वर्षको सम्झौता पत्र

५.व्यवसायी फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपी

६.स्थायी लेखा न.(पान न.) प्रमाणपत्रको प्रतिलिपी

७.अनुसुची २ अनुसारको फाराम भरि रु.३०० का दरले विर्तामोड न.पा.मा राजस्व तिरेको भौचर

***पुनश्च : कुखुरा फार्मको लागि राजस्व २०० मात्र लाग्नेछ ।***

निवेदकको नाम ................................

दस्तखत र छाप..............................

ठेगाना...............................

**अनुसुची–३ (ग)**

**मझौला तथा ठुला किसानहरुको लागि फार्म सुधार कार्यक्रम आर्थिक वर्ष ०७५/०७६**

**( मझौला तथा ठुला कृषकहरुका लागि )**

व्यवसायीक फार्म/कृषकको नाम : सम्पर्क :

ठेगाना : बिर्तामोड वार्ड न. गाउँ/टोल:

पशुपालन गरेको स्थान :

**व्यावसायिक फार्म/कृषकले संचालन गरिने कार्य प्रस्तावित योजना विवरण :**

| क.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग रु. | निजी लगानी रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

फार्म सुधार कार्यक्रममा कार्य गर्ने व्यवसायी र साझेदारी फार्मले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्नेछ ।

**<u>विस्तृत विवरणहरु :</u>**

कार्यक्रम अनुसार मैले (**गाई/भैसी/बाखा/बंगुर/कुखुरा**) विगत........वर्ष/महिना देखि निरन्तर पाल्दै आईरहेको छु .............जातको माउ......वटा, घाँस.........................जातको .........कठ्ठामा लगाउनुका साथै .....कठ्ठामा तरकारी खेती समेत गरिरहेको छु । हाल परिवारमा ........पुरुष र महिला..........रहेका छौ ।

निबेदक फार्मको नाम :

दस्तखत :

मिति :

छाप :

`

**अनुसूची - ५ (क)**

**ठूला तथा मझौला व्यावसायिक गाई प्रबर्द्धन कार्यक्रम संचालनका लागि छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु**

| क. सं. | आवेदकको नाम | ठेगाना | प्रस्तावितकार्य योजना (२०) | व्यवसायको सम्भाव्यता (१५) | भै रहेको गाइ भैंसीको संख्या (२०) | घाँस खेती गरिने जग्गाको क्षेत्रफल (१५) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१५) | अन्य कार्यक्रम गर्दा कृषकको आचरण( १५) | कुल प्राप्तांक ( १००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मूल्याङ्कन समितिका पदाधिकारीहरुको :

नाम थर : नाम थर :
पद : पद :
दस्तखत : दस्तखत :
मिति : मिति :

नाम थर : नाम थर :
पद : पद :
दस्तखत : दस्तखत :
मिति : मिति :

**ठूला तथा मझौला बाखाफार्म प्रवर्द्धन कार्यक्रम**

**ठुला तथा मझौला बाखा फार्म प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया**

**क) कार्यक्रम संचालनहुने** :विर्तामोड नगरपालिकाको सबै वडाहरुमा यस कार्यविधि अनुसार कार्यक्रम स्वीकृत तथा संचालन गर्न सक्ने छन् ।

**ख) कार्यक्रम संचालनअवधिः** यो कार्यक्रम बिर्तामोड नगरपालिकाले निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

**ग) व्यावसायिक बाखा फार्मको वर्गीकरणः** यस कार्यक्रम अन्तर्गत व्यावसायिक बाखा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छः

**(१) निजी व्यावसायिक बाखा पालन फार्म** : यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् २० वटा प्रजनन् योग्य माउ बाखापालन गरिरहेका वा सो संख्यामा बाखा पालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यावसायिक बाखा फार्म मानिने छ ।

**(२) समुह वा समितिमा संचालन हुने व्यावसायिक बाखा पालनफार्महरुः** कृषक समुह/समितिमा कम्तिमा ५ जना सदस्यभएको र प्रत्येक कृषक सदस्यसँग औसतमा ५ वटा प्रजनन् योग्य माउ बाखा भएको वा सो संख्यामा बाखा पालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तर्गतका फार्महरुलाई व्यावसायिक मानिने छ ।

**(३) सहकारीमा संचालन हुने व्यावसायिक बाखा पालन फार्महरु :** कम्तिमा २५ जना सदस्यहरुले बाखा पालन गरिरहेको वा सो संख्याका कृषकहरुले बाखा पालन व्यवसाय शुरुगर्ने र प्रति सदस्य कम्तिमा औषत ५ माउ बाखा ( सहकारीमा कम्तिमा १२५ माउ बाखा) भएको फार्महरुलाई व्यावसायिक मानिने छ ।

**घ) कार्यक्रमबाट उपलब्ध गराइने अुनदान रकम**

(१)निजी व्यावसायिक फार्म, समुह/समितिमा व्यावसायिक बाखा पालन फार्महरु सहकारीमा व्यावसायिक बाखा पालन फार्महरु स्थापना वा सुदृढिकरणका लागि बढीमा रु. ५०,००० (पचास हजार)

*नोट : प्रस्तावकले कम्तिमा अनुदानरकम बराबरको लगानी गर्नु पर्ने छ र सोही वरावरको रकम अनुगमन पश्चातब यक्ति, समुह वा समितिको खातामा नियमानुसार कर कट्टी गरी पाउनेछ ।*

**ङ) अनुदान रकमको उपयोग**

यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याकं, घाँस विकास तथा नर्सरी स्थापना, प्रजनन् बोका खरिद गरी कृतिम गर्भाधान, व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट बाखाको दाना, औषधि, खनिजपदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।

**च) कार्यक्रम संचालन प्रकृया**

**१) प्रस्ताव आव्हान :** निजी फार्म/समुह/समिति/सहकारीमा आवद्ध कृषकहरुवाट सहकार्यमा व्यावसायिक बाखा फार्म स्थापना वा सुदृढिकरणका लागि विर्तामोड नगरपालिकाको पशु सेवा शाखाले प्रकाशित गरेको सूचना प्रस्ताव आव्हान गरिनेछ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदनपत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ (ख) बमोजिम हुने छ ।

**छ) प्रस्ताव मूल्यांकन :**

(१) प्रस्ताव आव्हान भए बमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरुको सूचि तयार गरी कृषि समितिमा पेश गरिने छ ।

२) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानविन, स्थलगत निरिक्षण तथा अनुसूचिमा उल्लेखित आधारहरुलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपशील अनुसारको ३ सदस्यीय मूल्यांकन समिति रहने छः ।

**मूल्याङ्कन समितिको बनोट**

१. उपप्रमुख- संयोजक

४.पशु सेवाशाखाको प्रमुख - सदस्य

५. सम्बन्धित पशु सेवा शाखावाट, कार्यक्रम हेर्ने, फोकल कर्मचारी

**मूल्यांकनका आधारहरुः**

मूल्यांकनका आधारहरु अनुसूचि ५(ख) माउल्लेख भएअनुसार हुनेछन् ।

**प्रस्तावहरुको स्वीकृतीः**

१) मूल्यांकन समितिले अनुसूची-५ (क) बमोजिमको ढाँचामा मूल्यांकन गरी छनौट भएका प्रस्तावहरु स्वीकृति/अनुमोदनका लागि नगर कृषि समितिमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२) नगर कृषि समितिबाट स्वीकृत प्रस्तावहरुका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची-४(क) बमोजिम संझौतागर्ने दायित्वस म्बन्धित शाखामा हुनेछ ।